श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. २३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### नेपाल खानेपानी संस्थानको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राख्न नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउन र ढल निकास प्रणालीको समुचित व्यवस्था गर्न नेपाल खानेपानी संस्थानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

१.१ यस ऐनको नाम "नेपाल खानेपानी संस्थान ऐन, २०४६" रहेको छ ।

१.२ यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा:

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

२.१.१ "संस्थान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल खानेपानी संस्थान सम्झनुपर्छ ।

२.१.२ "समिति" भन्नाले दफा ८ बमोजिम गठित संचालक समिति सम्झनुपर्छ ।

२.१.३ "अध्यक्ष" भन्नाले दफा ११ बमोजिम नियुक्त भएको संस्थानको अध्यक्ष सम्झनुपर्छ ।

२.१.४ "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. संस्थानको स्थापना:

३.१ नेपाल अधिराज्यको विभिन्न नगर पञ्चायत तथा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउन तथा ढल निकास प्रणालीको समुचित व्यवस्था गर्नको लागि नेपाल खानेपानी संस्थानको स्थापना गरिएको छ ।

३.२ संस्थानको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

३.३ संस्थानका अन्य कार्यालयहरू आवश्यकतानुसार नेपाल अधिराज्यको जुन-सुकै ठाउँमा रहन सक्नेछन् ।

४. संस्थान संगठित संस्था हुने:

४.१ संस्थान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

४.२ संस्थानको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

४.३ संस्थानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

४.४ संस्थानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. संस्थानको काम, कर्तव्य र अधिकार:

५.१ संस्थानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:–

५.१.१ खानेपानी तथा ढल निकास सम्बन्धी योजना तर्जुमा गर्ने र योजना कार्यान्वयन गर्ने गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

५.१.२ खानेपानीको स्रोत तथा वितरण र ढल निकास सम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने,

५.१.३ खानेपानीको स्रोतदेखि वितरण स्थलसम्मको बाटो निर्धारण गर्ने र सोको रेखाङ्कन गर्ने,

५.१.४ खानेपानी तथा ढल निकास सम्बन्धी कामको लागि आवश्यक हुने निर्माण कार्य गर्ने गराउने,

५.१.५ खानेपानी तथा ढल निकास सम्बन्धमा श्री ५ को सरकार र विदेशी सरकार वा अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबीच भएका सम्झौता बमोजिम सम्पन्न गर्नु पर्ने कार्यहरू गर्ने,

५.१.६ श्री ५ को सरकारले तोकिदिएका खानेपानी तथा ढल निकास सम्बन्धी विकास परियोजना सञ्चालन गर्ने,

५.१.७ महशूल तथा शुल्क आदि लिई खानेपानी वा ढल निकासको सुविधा उपलब्ध गराई सेवा प्रदान गर्ने,

५.१.८ खानेपानीको उपयोग तथा ढल निकासको प्रयोग सम्बन्धमा आवश्यक शर्तहरू तोक्ने,

५.१.९ खानेपानीको दुरुपयोग हुन नदिने,

५.१.१० खानेपानीको प्रदूषण नियन्त्रण गर्ने,

५.१.११ खानेपानी तथा ढल निकासको पाइप लाइनहरूको आवश्यक मर्मत तथा सम्भार गर्ने गराउने,

५.१.१२ कुनै कारणले धारामा पानी नआएको सूचना संस्थानलाई प्राप्त भएमा आवश्यक मर्मत गरी यथाशीघ्र सेवा उपलब्ध गराउने,

५.१.१३ संस्थानले आफ्नो सञ्चालन खर्च आफै उठाउने,

५.१.१४ संस्थानको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कार्यहरू गर्ने गराउने ।

६. महशूल तथा सेवा शुल्क असूल गर्ने अधिकारः

६.१ संस्थानले खानेपानी उपलब्ध गराए बापत लाग्ने महशूल तथा ढल निकास र धारा जडान आदिको सेवा शुल्क निर्धारण गरी सम्बन्धित व्यक्तिबाट असूल गर्न सक्नेछ ।

६.२ खानेपानीको महशूल तथा ढल निकासको लागि सेवा शुल्क बुझाउने म्याद संस्थानले तोकेबमोजिम हुनेछ ।

६.३ उपदफा ६.२ बमोजिम महशूल तथा सेवा शुल्क बुझाउने म्यादभित्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २८४

त्यस्तो महशूल तथा सेवा शुल्क नबुझाएमा संस्थानले त्यस्तो समयभित्र रकम नबुझाउने व्यक्तिबाट पच्चीसदेखि पचास प्रतिशतसम्म अतिरिक्त शुल्क लिन सक्नेछ ।

६.४ कुनै ग्राहकले संस्थानलाई बुझाउनु पर्ने महशूल, सेवा शुल्क, अतिरिक्त शुल्क वा तिर्नु बुझाउनु पर्ने अन्य रकम संस्थानले तोकेको समयभित्र नबुझाएमा संस्थानले त्यस्तो ग्राहकलाई दिइराखेको खानेपानी तथा ढल निकासको सुविधा रोक्न सक्नेछ ।

६.५ उपदफा ६.४ बमोजिम सुविधा रोकिएको व्यक्तिले नयाँ ग्राहक शुल्क र उपदफा ६.३ बमोजिमको बाँकी रकमसमेत बुझाएमा संस्थानले पुनः त्यस्तो सुविधा उपलब्ध गराउन सक्नेछ ।

७. अरूको घर जग्गामा प्रवेश गर्ने अधिकारः संस्थानले अधिकृत गरेको व्यक्तिले संस्थानको कामको सिलसिलामा अरूको घर जग्गामा प्रवेश गर्न आवश्यक परेमा तत्काल त्यस्तो घर वा जग्गा प्रयोग गरी रहेका व्यक्तिलाई पूर्वसूचना दिएर प्रवेश गर्न सक्नेछ ।

तर खानेपानीको दुरुपयोग वा चोरी भइरहेको शङ्का गर्नु पर्ने मनासिब कारण भएमा छानबीनको सिलसिलामा सूर्यास्त भएपछि सूर्योदय नभएसम्मको रातिको समय बाहेक अन्य समयमा अध्यक्षले वा निजले तोकेको संस्थानको अधिकृतले प्रवेश गर्दा पूर्वसूचना दिनु पर्ने छैन ।

८. संचालक समितिको गठनः

८.१ संस्थानको काम कारवाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहायका सदस्यहरू भएको सञ्चालक समिति गठन गरिएको छः—

| | |
|---|---|
| ८.१.१ श्री ५ को सरकारले नियुक्त गरेको व्यक्ति | — अध्यक्ष |
| ८.१.२ प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय (रा. प. प्रथम श्रेणी) | — सदस्य |
| ८.१.३ प्रतिनिधि, अर्थ मन्त्रालय (रा. प. प्रथम श्रेणी) | — सदस्य |
| ८.१.४ सह-अञ्चलाधीश, बागमती अञ्चल | — सदस्य |
| ८.१.५ काठमाडौं वा ललितपुर नगर पञ्चायतका श्री ५ को सरकारले तोकेको एकजना प्रधान पञ्च | — सदस्य |
| ८.१.६ अन्य नगर पञ्चायतहरूमध्येबाट श्री ५ को सरकारले तोकेको एकजना प्रधान पञ्च | — सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८.२ संस्थानको महाप्रबन्धक नियुक्त भएको अवस्थामा महाप्रबन्धक समितिको सदस्य-सचिव हुनेछ र संस्थानको महाप्रबन्धक नियुक्त नभएको अवस्थामा संस्थानको चीफ इञ्जिनीयर समितिको सदस्य-सचिव हुनेछ ।

८.३ श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सञ्चालक समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

८.४ समितिले आवश्यक देखेमा कुनै विदेशी वा स्वदेशी विशेषज्ञ वा सल्लाहकारलाई सञ्चालक समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

९. समितिको बैठकसम्बन्धी कार्यविधि

९.१ समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

९.२ समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

९.३ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

९.४ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

९.५ समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

९.६ समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

१०. उप-समिति गठन गर्न सक्नेः

१०.१ समितिले आफ्नो काम कारवाही सुचारुरूपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ ।

१०.२ समितिले आवश्यक ठानेमा काठमाडौं उपत्यका बाहिर उपदफा १०.१ बमोजिम गठित उप-समितिहरूलाई वित्तीय तथा प्रबन्ध स्वायत्तताको आधारमा खानेपानी योजनाहरू सञ्चालन गर्न दिन सक्नेछ ।

११. अध्यक्ष र महाप्रबन्धकको नियुक्तिः

११.१ संस्थानको अध्यक्ष श्री ५ को सरकारले नियुक्त गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८६

११.२ श्री ५ को सरकारले चाहेमा संस्थानको महाप्रबन्धक नियुक्त गर्न सक्नेछ ।

११.३ अध्यक्ष र महाप्रबन्धकको पदावधि श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

११.४ अध्यक्ष र महाप्रबन्धकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१२. कर्मचारीसम्बन्धी व्यवस्थाः

१२.१ संस्थानले आवश्यकतानुसार कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

१२.२ संस्थानका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१३. समितिका सदस्य र संस्थानका कर्मचारी उपर प्रतिबन्धः समितिको सदस्य, संस्थानका कर्मचारी र सल्लाहकारले संस्थानसंगको ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हिस्सेदार हुन पाउने छैनन् ।

१४. संस्थानको कोषः

१४.१ संस्थानको एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहायका रकमहरू रहनेछन्ः–

१४.१.१ श्री ५ को सरकारबाट प्राप्त रकम,

१४.१.२ श्री ५ को सरकार मार्फत कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम,

१४.१.३ संस्थानको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

१४.१.४ खानेपानी वा ढल निकासको सुविधा पुऱ्याए बापत प्राप्त महशूल तथा सेवा शुल्क र अतिरिक्त शुल्क तथा जरीवानाको रकम,

१४.१.५ संस्थानलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

१४.२ संस्थानको सबै रकम संस्थानको नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

१४.३ संस्थानको तर्फबाट व्यहोर्नु पर्ने सम्पूर्ण खर्च उपदफा १४.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१४.४ संस्थानको खाता सञ्चालन तोकिएबमोजिम हुनेछ ।



मुद्रण विभाग,
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१५. संस्थानको लेखा र लेखापरीक्षण:**

१५.१ संस्थानको लेखा श्री ५ को सरकारको स्वीकृति लिई समितिले निर्धारण गरेको ढाँचा र तरिकाबमोजिम राखिनेछ ।

१५.२ संस्थानको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१५.३ श्री ५ को सरकारले चाहेमा संस्थानको हिसाब किताब सम्बन्धी कागजात- हरू र नगदी जिन्सीसमेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

**१६. जग्गा प्राप्त गर्ने:**

१६.१ संस्थानलाई देहायको प्रयोजनको लागि श्री ५ को सरकारले प्रचलित कानून बमोजिम आवश्यक जग्गा प्राप्त गरी दिन सक्नेछ:-

१६.१.१ जल भण्डार (रिजरभ्वायर) निर्माण गर्न,

१६.१.२ खानेपानी तथा ढल निकास सम्बन्धी कुनै संरचनाको निर्माण गर्न,

१६.१.३ संस्थानको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कुनै काम गर्न ।

**१७. सार्वजनिक वा निजी घर जग्गाबाट पाइप लाइन लैजान सक्ने:**

१७.१ खानेपानी तथा ढल निकास सम्बन्धी योजना कार्यान्वयन गर्दा सार्वजनिक वा कसैको निजी घर जग्गाबाट खानेपानी वा ढल निकासको पाइप लाइन बिछ्याई एक ठाउँबाट अर्को ठाउँमा लैजान आवश्यक भएमा संस्थानले सोही योजना अनुसार पाइप लाइन बिछ्याउन सक्नेछ ।

१७.२ संस्थानले उपदफा १७.१ बमोजिम खानेपानी वा ढल निकासको पाइप लाइन बिछ्याउँदा सार्वजनिक वा कसैको निजी घर जग्गामा सकेसम्म कम नोक्सान हुने गरी पाइप लाइन बिछ्याउनु पर्नेछ ।

१७.३ संस्थानले उपदफा १७.१ बमोजिम खानेपानी वा ढल निकासको पाइप लाइन बिछ्याउँदा हुन गएको नोक्सानी बापत घर जग्गा धनीलाई प्रचलित भाउ अनुसार क्षतिपूर्ति दिनु पर्नेछ वा नोक्सान हुन गएको घर जग्गाको मरमत गरी यथास्थितिमा ल्याई दिनु पर्नेछ ।

**१८. काम कारवाही गर्न मनाही:**

१८.१ कसैले पनि देहायमा लेखिएको कुनै काम कारवाही गर्न वा गर्न लगाउन हुँदैन :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८.१.१ खानेपानीको मुहान, जलभण्डार (रिजरभ्वायर) वा खानेपानी तथा ढल निकास सम्बन्धी अन्य कुनै संरचना बिगार्न, तोडफोड गर्न वा त्यसमा कुनै किसिमले क्षति पुऱ्याउन,

१८.१.२ खानेपानी प्रदूषण गर्न,

१८.१.३ संस्थानको अनुमति नलिई खानेपानीको पाइप लाइनबाट धारा जडान गर्न,

१८.१.४ संस्थानलाई सूचना नदिई खानेपानीको मिटर झिकी पानी उपभोग गर्न,

१८.१.५ खानेपानीको पाइप लाइनबाट कुनै यन्त्र जडान गरी पानी तान्न,

१८.१.६ खानेपानीको मिटर तोडफोड गर्न वा बिगार्न,

१८.१.७ संस्थानको स्वीकृति नलिई संस्थानको ढल लाइनमा ढलको निकास जोड्न वा ढल थुनिने गरी कुनै ठोस पदार्थ ढलमा फ्याँक्न वा राख्न,

१८.१.८ संस्थानद्वारा व्यवस्थित खानेपानी वा ढलको पाइप लाइन चोर्न, बिगार्न, नाश्न वा त्यसमा क्षति पुऱ्याउन,

१८.१.९ ढल निकास वा मंगाललाई भत्काउन, बिगार्न वा त्यसमा कुनै किसिमले क्षति पुऱ्याउन,

१८.१.१० खानेपानी तथा ढल निकास सम्बन्धी संस्थानले गर्ने काम कारवाहीमा बाधा बिरोध गर्न ।

१९. सजायः

१९.१ उपदफा १८.१.१ विपरीत काम कारवाही गर्ने गराउनेलाई बिगो असूल गरी दश हजार रूपैयाँसम्म जरीवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१९.२ देहायको काम कारवाही गर्ने गराउनेलाई संस्थानले वा संस्थानले तोकेको दफा १० बमोजिमको कुनै उप समितिले देहाय बमोजिम जरीवाना गर्न सक्नेछः–

१९.२.१ उपदफा १८.१.२ विपरीत काम कारवाही गर्ने गराउनेलाई दश हजार रूपैयाँसम्म जरीवाना,

१९.२.२ उपदफा १८.१.३ विपरीत काम कारवाही गर्ने गराउनेलाई पाँच हजार रूपैयाँसम्म जरीवाना,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९.२.३ उपदफा १८.१.५ वा १८.१.६ विपरीत काम कारवाही गर्ने गराउनेलाई तीन हजार रूपैयाँसम्म जरीवाना,

१९.२.४ उपदफा १८.१.७ विपरीत काम कारवाही गर्ने गराउनेलाई दुई हजार रूपैयाँसम्म जरीवाना,

१९.२.५ उपदफा १८.१.८ वा १८.१.९ विपरीत काम कारवाही गर्ने गराउनेलाई त्यस्तो चोरिएको, बिग्रिएको वा नाशिएको सामानको बिगो बमोजिम जरीवाना गरी थप दुई हजार रूपैयाँसम्म जरीवाना,

१९.२.६ उपदफा १८.१.४ वा १८.१.१० विपरीत काम कारवाही गर्ने गराउनेलाई एक हजार रूपैयाँसम्म जरीवाना,

१९.२.७ माथि लेखिएदेखि बाहेक कसैले यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियम विपरीत हुने गरी कुनै काम कारवाही गर्ने गराउनेलाई कसूरको प्रकृति हेरी एक हजार रूपैयाँसम्म जरीवाना ।

२०. पुनरावेदनः उपदफा १९.२ बमोजिम दिएको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित अञ्चल अदालतमा पुनरावेदन दिन सक्नेछ र अञ्चल अदालतको निर्णय अन्तिम हुनेछ ।

२१. सरकारी बाँकी सरह असूल उपर गर्नेः यस ऐन बमोजिम लगाइएको महशूल, सेवा शुल्क, अतिरिक्त शुल्क तथा दफा १९ बमोजिम संस्थान वा उप-समितिले गरेको जरीवानाको रकम नबुझाउने व्यक्तिबाट संस्थानले त्यस्तो महशूल, सेवा शुल्क, अतिरिक्त शुल्क तथा जरीवानाको रकम सरकारी बाँकी सरह असूल उपर गर्न सक्नेछ ।

२२. अधिकार प्रत्यायोजनः

२२.१ समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियम बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार अध्यक्ष, समितिको कुनै सदस्य वा उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२.२ अध्यक्षले आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार संस्थानको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. श्री ५ को सरकारले निर्देशन दिन सक्नेः श्री ५ को सरकारले संस्थानलाई समय समयमा निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु संस्थानको कर्तव्य हुनेछ ।

२४. श्री ५ को सरकारको अधिकारः

२४.१ संस्थानले यस ऐन विपरीत कुनै काम गरेमा वा गर्न लागेमा श्री ५ को सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ ।

२४.२ संस्थानले गर्नुपर्ने काम पूरा गरिसकेको छ वा संस्थानले आफूले गर्नु पर्ने काम कर्तव्य वा आदेश वा निर्देशनको पालना गरेको छैन वा संस्थान कायम राख्न आवश्यक छैन भन्ने श्री ५ को सरकारले ठहऱ्याएमा संस्थानलाई जुनसुकै बखत विघटन गर्न सक्नेछ ।

२४.३ उपदफा २४.२ बमोजिम संस्थान विघटन भएमा सो संस्थानको हक तथा दायित्व श्री ५ को सरकारमा सर्नेछ ।

२५. श्री ५ को सरकारसंग सम्पर्कः संस्थानले श्री ५ को सरकारसंग सम्पर्क राख्दा आवास तथा भौतिक योजना मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

२६. विनियम बनाउने अधिकारः संस्थानले यो ऐनको अधीनमा रही आफ्नो आन्तरिक काम कारवाही सुव्यवस्थित गर्नको लागि श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

२७. विघटनः

२७.१ यो ऐन प्रारम्भ भएपछि नेपाल राजपत्र भाग ३, खण्ड ३४, संख्या १४ मिति २०४१ साल साउन १ गते प्रकाशित श्री ५ को सरकार, जलस्रोत मन्त्रालयको सूचनाद्वारा गठन गरिएको खानेपानी तथा ढल निकास संस्थान विघटन हुनेछ ।

२७.२ उपदफा २७.१ बमोजिम विघटित संस्थानले गरिआएको काम कारवाही तथा सो संस्थानको हक र दायित्व यस ऐन बमोजिम स्थापित संस्थानमा सर्नेछ ।

२७.३ उपदफा २७.१ बमोजिम विघटित संस्थानमा कार्यरत कर्मचारीहरू यस ऐन बमोजिम स्थापित संस्थानमा सर्नेछन् ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।७।११।६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५९